कार्यालय: ०७५-५२०१४४
Email: akcpalpa@gmail.com

प्रदेश सरकार
लुम्बिनी प्रदेश
कृषि तथा भूमि व्यवस्था मन्त्रालय
कृषि विकास निर्देशनालय
# कृषि ज्ञान केन्द्र
पाल्पा

**कृषि ज्ञान केन्द्र, पाल्पाको आ.व. २०७९।८० मा संचालन हुने सिंचाई सहित कृषि विकास कार्यक्रम बारे सूचना।**

**प्रथम पटक प्रकाशित सूचना: २०७९/०५/२०**

कृषि ज्ञान केन्द्र, पाल्पाको आ. व. २०७८/७९ को बार्षिक स्वीकृत कार्यक्रम अनुसार तपिशल बमोजिमका कार्यक्रमहरु संचालन गर्नको लागि पाल्पा जिल्ला भित्रका ईच्छुक कृषक/ कृषक समूह/कृषि सहकारी/कृषि फर्म/उपभोक्ता समिति तथा संघसंस्थाहरुले यो सूचना प्रकाशन भएको मितिले २१ दिन (मिति २०७९/६/९) भित्र आवश्यक कागजातहरु संलग्न गरी कृषि ज्ञान केन्द्र, पाल्पामा प्रस्ताव पेश गर्न हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ। प्रस्ताव साथ पेश गर्नुपर्ने निवेदनको ढाँचा, संलग्न गर्नुपर्ने कागजात, व्यावसायिक योजना, संचालन कार्यविधि यस कार्यालयको सूचना पार्टी वा Website: palpa.akc.gov.np बाट पनि प्राप्त गर्न सकिनेछ। रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु समावेश नहुने व्यहोरा समेत जानकारी गराइन्छ।

तपसिल:

| सि.नं | कार्यक्रमको नाम | मापदण्ड | सञ्चालन गर्न सकिने क्रियाकलापहरु | अनुदान सिमा |
|---|---|---|---|---|
| १) | सिंचाई सहित कृषि विकास कार्यक्रम | • साना सिचाई पूर्वाधार निर्माण तथा सुधार गरी व्यावसायिक खेति गर्नु पर्ने।<br>• सिंचाई प्रविधि बाहेकमा उत्पादन कार्यको लगानी कृषक स्वयंले गर्नुपर्ने<br>• खाद्यान्न/दलहन/तेलहनका लागि न्युनतम १ हे., तरकारी खेती वा फलफूलका लागि न्युनतम ०.५ हे. हुनुपर्ने | सोलार सिंचाई, थोपा सिंचाइका बोरिङ्ग, पम्पसेट, मोटर, पाइप,ड्रिप तथा स्प्रिङ्कलर जस्ता प्रविधिका लागि सामाग्री खरिद तथा कुलो, साना नहर, पोखरी, स्यालो ट्युवेल निर्माण तथा मर्मतका लागि सिमेन्ट, बालुवा, रड आदि, निर्माण खर्च। | • ७५% अनुदान<br>• प्रति आयोजना सामुदायिकको हकमा बढीमा रु. ५ लाख वा निजीको हकमा बढीमा रु. २ लाख। |

<u>संलग्न गर्नु पर्ने कागजातहरू:</u>

१. कृषि तथा पशुपन्छी विकास कार्यक्रम संचालन कार्यविधि-२०७९ को अनुसूची - ३४ अनुसारको निवेदन तथा अनुसूची ३६ अनुसारको व्यवसायिक कार्ययोजना।
२. कृषि फार्म/कृषक समूह/कृषि सहकारी/संघसंस्थाहरुको हकमा दर्ता/नवीकरण भएको प्रमाणपत्रको प्रतिलिपी, स्थायी लेखा नम्बर प्रमाणपत्र तथा गत आ.व. को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि। (कृषक तथा कृषक समूहको हकमा छनौट भएमा सम्झौता पूर्व स्थायी लेखा नम्बर प्रमाणपत्रको प्रतिलिपि पेश गर्नुपर्ने)
३. सम्बन्धित स्थानीय तहको सिफारिस पत्र।
४. कृषक समूह/कृषि सहकारी जस्ता सामुहिक आवेदकको हकमा कार्यक्रममा अनुदान माग गर्ने निर्णय साथै कार्यक्रममा सहभागी हुने कृषकहरु, क्षेत्रफल वा क्रियाकलाप प्रस्ट खुलेको निर्णयको प्रतिलिपि।
५. प्रस्ताव पेश गर्नेको नागरिकताको प्रतिलिपि।
६. जग्गाधनि दर्ता प्रमाण-पुर्जाको प्रतिलिपि वा जग्गा भाडामा लिई कार्यक्रम संचालन गर्नेको हकमा कम्तिमा १५ वर्षको करार पत्र
७. अनुसूची ४१ अनुसार दोहोरो अनुदान नलिएको स्वघोषणा।

**नोटः थप जानकारीको लागि ०७५५२०१४४ वा ९८१४४३१८८२ मा सम्पर्क गर्नुहोला।**

कामना अधिकारी
प्रमुख
अधिकृत स्तर नवौं तह